आज मिति २०८१ पौष २६ गते शुक्रबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

**प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**प्रस्ताव नं. २:- प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत सम्बन्धमा ।**

निर्णय नं. २:- प्रस्तावनं. २ मा छलफल गर्दा जानकी गाउँपालिका भएर बग्ने कर्णाली नदीको बगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री ढङ्गले ढुङ्गा, गिट्टी तथा बालुवा दिगो सङ्कलन तथा उत्खनन कार्यको लागि परामर्शदाता शोभा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.,शंखमुल, काठमाडौँले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन माथी अध्ययन तथा क्षलफल गर्दा मिति २०८१।०९।२५ गतेको राजस्व परामर्श समितिको सिफारिसमा अन्तिम प्रतिवेदन उपयुक्त देखिएकोले जानकी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को दफा ७ को उपदफा (४) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३:- आगामी आ.व. २०८२/०८३ सहित आगामी ३ (तीन) वर्षसम्मको आय-व्ययको प्रक्षेपण सम्बन्धमा ।**

निर्णय नं. ३:- प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ वार्षिक बजेट तथा कार्यक्रमको ४.८ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाको चरण १ को बुदा १.३ को प्रावधान अनुसार आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त रकम, नेपाल सरकार अनुदान, प्रदेश सरकार अनुदान र अन्य आयको आगामी ३ वर्षको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भई आएको आय-व्ययको प्रक्षेपण पारित गर्ने निर्णय गरियो ।

तपसिल:-

स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा

| सि.नं. | राजश्व शीर्षक | गत आ.व. २०८०/०८१ को यथार्थ | चालु आ.व. २०८१/०८२ को अनुमान | आ.व. २०८१/०८२ को संशोधित अनुमान | आ.व. २०८२/०८३ को प्रक्षेपण | आ.व. २०८३/०८४ को प्रक्षेपण | आ.व. २०८४/०८५ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ३३०६४३६५१.८७ | ४५३५२५०००.०० | ४४०२२५०००.०० | ४८४२४७५००.०० | ५३२६७२२५०.०० | ५८५९३९४७५.०० |
| १.१ | समानीकरण अनुदान | १२७८७५०००.०० | १३८८०००००.०० | १३८८०००००.०० | १५२६८००००.०० | १६७९४८०००.०० | १८४७४२८००.०० |
| १.२ | शसर्त अनुदान चालु | १९४०६४२२१.८७ | २०८०६५०००.०० | २०८०६५०००.०० | २२८८७१५००.०० | २५१७५८६५०.०० | २७६९३४५१५.०० |
| १.३ | शसर्त अनुदान पुँजीगत | ११६३०४९.०० | ९३६६००००.०० | ८०३६००००.०० | ८८३९६०००.०० | ९७२३५६००.०० | १०६९५९१६०.०० |
| १.४ | विशेष अनुदान पुँजीगत | ३३७२८८१.०० | ०.०० | ०.०० | ६६०००००.०० | ७२६००००.०० | ७९८६०००.०० |
| १.५ | समपुरक अनुदान पुँजीगत | ४१६८५००.०० | १३००००००.०० | १३००००००.०० | १४३०००००.०० | १५७३००००.०० | १७३०३०००.०० |
| **२** | **प्रदेश सरकार** | **२१५२५४८५.८५** | **३३९५१०००.००** | **३३९५१०००.००** | **३७३४६१००.००** | **४१०८०७१०.००** | **४५१८८७८१.००** |
| २.१ | समानीकरण अनुदान | १२२५६०००.०० | १३०८१०००.०० | १३०८१०००.०० | १४३८९१००.०० | १५८२८०१०.०० | १७४१०८११.०० |
| २.२ | शसर्त अनुदान चालु | ३८८६३६.३९ | १३७००००.०० | १३७००००.०० | १५०७०००.०० | १६५७७००.०० | १८२३४७०.०० |
| २.३ | शसर्त अनुदान पुँजीगत | २४९८७६५.५२ | ६००००००.०० | ६००००००.०० | ६६०००००.०० | ७२६००००.०० | ७९८६०००.०० |
| २.४ | विशेष अनुदान पुँजीगत | ४११६६५५.९४ | ४००००००.०० | ४००००००.०० | ४४०००००.०० | ४८४००००.०० | ५३२४०००.०० |
| २.५ | समपुरक अनुदान पुँजीगत | २२६५४२८.०० | ९५०००००.०० | ९५०००००.०० | १०४५००००.०० | ११४९५०००.०० | १२६४४५००.०० |

८१.०९.२९

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०९।२०

गणेश चौधरी
अध्यक्ष

| सि.नं. | राजश्व शीर्षक | गत आ.व. २०८०/०८१ को यथार्थ | चालु आ.व. २०८१/०८२ को अनुमान | आ.व. २०८१/०८२ को संशोधित अनुमान | आ.व. २०८२/०८३ को प्रक्षेपण | आ.व. २०८३/०८४ को प्रक्षेपण | आ.व. २०८४/०८५ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| ३ | राजश्व बाँडफाँड | १२४३८१६४५.२५ | १४८०१७०००.०० | १४८०१७०००.०० | १६२८१८७००.०० | १७९१००५७०.०० | १९७०१०६२७.०० |
| ३. १ | संघीय सरकार राजश्व बाँडफाँड | ११४३०८४२६.३३ | १२७९०००००.०० | १२७९०००००.०० | १४०६९००००.०० | १५४७५९०००.०० | १७०२३४९००.०० |
| ३.२ | प्रदेश सरकार राजश्व बाँडफाँड | ३११७६९२.९२ | ३११७०००.०० | ३११७०००.०० | ३४२८७००.०० | ३७७१५७०.०० | ४१४८७२७.०० |
| ३.३ | स्थानीय राजश्व बाँडफाँड | ६९५५५२६.०० | १७००००००.०० | १७००००००.०० | १८७०००००.०० | २०५७००००.०० | २२६२७०००.०० |
| ४ | आन्तरिक स्रोत | २०९८१९६३.१४ | ३०१२५०००.०० | ३०१२५०००.०० | ३१६३१२५०.०० | ३३२१२८१२.५० | ३४८७३४५३.१३ |
| | कुल जम्मा | ४९७५३२७४६.११ | ६६५६१८०००.०० | ६५२३१८०००.०० | ७१६०४३५५०.०० | ७८६०६६३४२.५० | ८६३०१२३३६.१३ |

**प्रस्ताव नं. ४ :- नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/संकलन र बिक्री सम्बन्धमा।**

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथी छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ का लागि यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (६), सोही ऐन को दफा ६२ (क) १, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यस्थापन सम्बन्धी(पहिलो संशोधन) मापदण्ड, २०७९, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०, जानकी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ५७, सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ८ र सो सँग सम्बन्धित अनुसूची-६, जानकी गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा १२ र सो सँग सम्बन्धित अनुसूची-११ त्यसैगरी जानकी गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सिफारिस भए अनुसार यस गाउँपालिका क्षेत्र भित्रबाट बग्ने कर्णाली नदीको तपसिलमा उल्लेखित क्षेत्रहरुबाट ८०,८०० घनमिटर मात्र उत्खन्न/संकलन र बिक्रीका लागि प्रति घ. मि. (मू. अ. कर बाहेक) रु. २१२।- (अक्षेरुपी दुई सय बाह्र मात्र।) का दरले कर दस्तुर रकम संकलन गर्ने र अधिक भन्दा अधिक प्रतिस्पर्धा भई ठेक्का लाग्न सक्ने भएको हुँदा तपसिल बमोजिमको ३/३ वटा साईटको २(दुई) प्याकेज बनाई ठेक्का बन्दोबस्त गर्न राजश्व परामर्श समितिबाट सिफारिस भई आए बमोजिम दुई प्याकेज बनाई ठेक्का बन्दोबस्त गर्न ३० (तीस) दिने विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

<u>तपसिल:-</u>

१. पहिलो प्याकेज

| क्र.सं. | उत्खनन्/संकलन क्षेत्र | उत्खनन्/संकलन गरिने वस्तु | दिगो रुपमा उत्खनन्/संकलन गर्न सकिने परिमाण (घ.मि.) | कैफियत |
|---|---|---|---|---|
| १. | कैलाशेश्वर सामुदायिक वन नजिकको घाट देखि जगतपुर सामुदायिक वन नजिकको घाट वडा नं. ६ | ढुङ्गा, गिट्टी र बालुवा | १३६०० | |
| २. | मालझुल घाट वडा नं. ६ | ढुङ्गा, गिट्टी र बालुवा | १५००० | |
| ३. | रानीटप्पा घाट वडा नं. ६ र ९ | ढुङ्गा, गिट्टी र बालुवा | ११२०० | |
| | जम्मा परिमाण | | ३९८०० | |

२. दोस्रो प्याकेज

| क्र.सं. | उत्खनन्/संकलन क्षेत्र | उत्खनन्/संकलन गरिने वस्तु | दिगो रुपमा उत्खनन्/संकलन गर्न सकिने परिमाण (घ.मि.) | कैफियत |
|---|---|---|---|---|
| १. | मुनुवा ठाँडा(कालिका सामुदायिक वनको पूर्वतिर) वडा नं. ९ | ढुङ्गा, गिट्टी र बालुवा | ९६०० | |
| २. | बलचौर घाट वडा नं. ९ | ढुङ्गा, गिट्टी र बालुवा | १४४०० | |
| ३. | गोराङ्गे घाट वडा नं. ९ | ढुङ्गा, गिट्टी र बालुवा | १७००० | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

| जम्मा परिमाण | ४१००० | |
|---|---|---|

**प्रस्ताव नं. ५ :- जानकी गाउँपालिकाको गाउँ शिक्षा समिति तथा गाउँ खेलकुद विकास समिति संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०८१ सम्बन्धमा ।**

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा जानकी गाउँपालिकाको गाउँ शिक्षा समिति तथा गाउँ खेलकुद विकास समिति संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०८१ को मस्यौदा माथि दफावार छलफल गरी पारित गरियो ।

**प्रस्ताव नं. ६ :- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक एकिकृत नतिजा सम्बन्धमा ।**

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा ४ को खण्ड(ङ) बमोजिम LISA Focal Person बाट प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को एकीकृत प्रारम्भिक नतिजा उपर सोही दफाको खण्ड(छ) बमोजिम सूचकगत रुपमा छलफल र विश्लेषण गरी विषय क्षेत्रको यथार्थ अङ्कभार निर्धारण गरियो र पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :- आदिवासी थारु समुदायको मरुवा निर्माण गर्ने स्थल यकिन सम्बन्धमा ।**

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईले लम्कीचुहा नगरपालिका, बर्दगोरिया गाउँपालिका र यस जानकी गाउँपालिकाको आदिवासी थारु समुदायको मरुवा निर्माण आयोजनाको लागि रकम रु. २ करोड विनियोजन गरिएको हुँदा उक्त आयोजना कार्यान्वयनका लागि यस गाउँपालिका क्षेत्रभित्र मरुवा निर्माणको लागि उपयुक्त स्थल छनौट गरी सिफारिस गर्न अनुरोध भई आएको हुँदा यस गाउँपालिका क्षेत्रभित्र मरुवा निर्माणको लागि उपयुक्त स्थल छनौटको लागि यस गाउँपालिकाको सबै वडा कार्यालयहरुमा पत्राचार गर्ने र सोही बमोजिम पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत थप आयोजना स्वीकृत तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.ब. २०८१।०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको आयोजनाहरु स्वीकृत गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>तपसिल:-</u>

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | कैफियत |
|---|---|---|---|
| १. | लम्की-टीकापुर रोडदेखि जानकी ५ नवलपुर पिपल चौतारा सम्मको बाटो विस्तार सहित नाली निर्माण | जानकी-५ | वडाको सिफारिस बमोजिम |
| २. | जानकी गाउँपालिका वडा नं. ४ र वडा नं. २ को सिमानामा रहेको कोस्मैया छोहरा कुलो किनराको सार्वजनिक जग्गामा बाटो नक्साङ्कन तथा माटो पटानी | जानकी-२ | वडाको सिफारिस बमोजिम |

**प्रस्ताव नं. ९ :- जानकी खानेपानी आयोजना कार्यान्वयन इकाईको लागि प्रदेश सरकारको लागत साझेदारी सम्बन्धमा ।**

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा नेपाल सरकार, प्रदेश सरकार र यस गाउँपालिकाको संयुक्त लागत साझेदारीमा संचालित खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत जानकी-३ सुवर्णपुर खेल मैदानको लागि सुवर्णपुर सामुदायिक वनको जग्गामा स्मार्ट सार्वजनिक शौचालय निर्माणको लागि ठेक्का सम्झौता भईसकेको सन्दर्भमा सम्झौता बमोजिम उक्त आयोजनामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको क्रमश: ८०%, १३% र ७% को अनुपातमा खर्च गर्नुपर्नेमा प्रदेश सरकारबाट आवश्यक बजेट व्यवस्था भई नसकेकोले प्रदेश सरकारको १३% र यस गाउँपालिकाको ७% गरी जम्मा २०% बजेट तत्काललाई यस कार्यालयले व्यहोर्ने र प्रदेश सरकारको लागत साझेदारीको रकम पछि शोधभर्ना लिनेगरी भुक्तानी दिने निर्णय गरियो ।

२०८१.०४.२८
[हस्ताक्षर] चौधरी
प्रमुख प्रशासकीय अधिकृत

[हस्ताक्षर]
२०८१।०४।२८
गणेश चौधरी
अध्यक्ष